म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१ बुधवार, ४ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 20 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विश्व भातृत्व दिवसमा रक्तदान गरिने

हेटौंडा, ३ भदौ/राजयोगिनी दादी प्रकाशमणिको १८ औं पुण्यस्मृति तथा विश्व भातृत्व दिवसको अवसरमा हेटौंडामा रक्तदान कार्यक्रम हुने भएको छ । ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र समाजसेवा प्रभाग, हेटौंडाको आयोजनामा हेटौंडा-२ स्थित चौकीटोलमा अवस्थित हिमालयन दरबारमा आगामी भदौ ६ गते शुक्रबार रक्तदान कार्यक्रम हुन मंगलबार पत्रकार सम्मेलन गरी जानकारी गराइएको हो ।

विश्व एकता र मातृत्वको लागि रक्तदान भन्ने मूलनारालाई आत्मासाथ गर्दै अन्तर्राष्ट्रिय रक्तदान शिविर अन्तर्गत रक्तदान कार्यक्रमको आयोजना गर्न लागिएको जनाइएको छ । आयोजकका अनुसार रक्तसञ्चार केन्द्र हेटौंडाको सहकार्यमा रगत संकलन गरिने छ । करिब ५ सयदेखि ६ सय जनाले रक्तदान गर्ने जनाइएको छ ।

# ड्रागन फ्रुट खेतीतर्फ आकर्षित हुँदै किसान

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरका किसान पछिल्लो समय ड्रागन फ्रुट (सिउँडीफल) को व्यावसायिक खेतीतर्फ आकर्षित हुँदै गएका छन् ।

उत्पादन क्षमता, राम्रो आम्दानी र बजारमा बढ्दो मागले गर्दा कृषकहरु यो खेतीतर्फ उन्मुख भएका हुन् । पदमपोखरीका कृषक फेन्चु लामाले १ बिघा क्षेत्रफलमा ड्रागन फ्रुट खेती गर्दै आएका छन् । उनले रेड साइन र सी भेराइटी अमेरिकन ब्युटि र सेतो प्रजाति गरी चार जातका ड्रागन फ्रुट लगाएका छन् । यसको आयु १५ वर्षसम्म रहने बताइएको छ । ड्रागन फ्रुटको मुख्य सिजन वैशाखदेखि कात्तिक महिनासम्म रहने भएपनि वर्षभर नै उत्पादन सम्भव हुने भएकाले बजार सधैंजसो कायम रहने लामाको भनाई छ ।



लामाले आफ्नो फार्ममा दुई विधि प्रयोग गरेका छन् । टेलिसिस्टम र पोलिङ सिस्टमको प्रयोग गरेको बताएका छन् । टेलिसिस्टममा बढी स्याहारसुसार आवश्यक पर्छ भने पोलिङ प्रणाली तुलनात्मकरुपमा सजिलो र व्यवहारिक मानिन्छ । बोटहरु पोल टु पोल ३ मिटरको दूरीमा र ड्याङ ४ मिटर फराकिलो बनाएर रोप्नुपर्ने लामाले बताए । यो खेतीबाट उत्पादन हुने फल साइजअनुसार फरक मूल्यमा विक्री हुँदै आएको छ । ठूलो साइजको प्रतिकिलो ३ सय ५० रुपैयाँ र सानो साइजको ३ सय रुपैयाँमा विक्री हुने गरेको लामा बताउछन् । एउटा बिरुवाबाट वार्षिक औषत २ किलोसम्म फल फल्ने गर्दछ । जुन हरेक वर्ष क्रमश: बढ्दै जान्छ ।

बिगतमा एउटा पोलमा बिरुवा उत्पादन गर्न करिव चार हजार रुपैयाँ खर्च लाग्ने गरेको थियो । हाल एक पोलमा बिरुवा राख्न करिव २५ सय रुपैयाँ लागत लाग्छ । अहिले सय रुपैयाँमै बिरुवा पाइने भएकाले लागत घटेको लामाको भनाइ छ । लामाले वार्षिक २ हजार किलो ड्रागन फ्रुट उत्पादन गरिरहेका छन् । आगामी वर्षमा वार्षिक ५ हजार किलो उत्पादन गर्ने लक्ष्य रहेको उनले जानकारी दिए । हाल १ किलो ड्रागन फ्रुट उत्पादनमा करिव २५० रुपैयाँ लागत पर्ने अनुमान गरिएको छ । बैंकबाट ऋण लिएर किस्ताबन्दीमा तिर्दै आएका लामा वार्षिक झन्डै ३० लाख रुपैयाँ आम्दानी गरिरहेका छन् ।

सम्पूर्ण खर्च कटाएर र ऋण किस्ता तिरेपछि वार्षिक ५ देखि १० लाख रुपैयाँ नाफा हुने गरेको उनी बताउँछन् । लामाले आफ्नो फार्मलाई अनुसन्धान केन्द्रकारुपमा पनि उपयोग गरिरहेका छन् । कृषिक्षेत्रमा नयाँपुस्ताको सहभागिता बढाउने उद्देश्यले फार्मलाई भविष्यमा उद्योगका रुपमा विस्तार गर्ने योजना रहेको उनको भनाइ छ । तर, ड्रागन फ्रुट खेतीमा केही चुनौती पनि छन् । बढी वर्षा भएमा फंगल डिजिज (ढुसी रोग) देखिने, कमिला लाग्ने र बिरुवा कुहिने समस्या देखिने भएकाले विशेष सावधानी आवश्यक हुने लामाले बताए । स्थानीय सरकार विशेषत: हेटौंडा उपमहानगरपालिकाले लामालाई सिंचाईको लागि पानीको व्यवस्था, टनेल निर्माण तथा प्रांगारिक मलमा सहयोग गरेको छ ।

कृषि एम्बुलेन्सको पनि व्यवस्था गरिएको छ । हाल मकवानपुरमा झन्डै एकसय जना कृषक ड्रागन फ्रुट खेतीमा संलग्न छन् । राजधानी काठमाडौं लगायत अन्य सहरमा यसको माग उच्च भएकोले किसानहरुमा अझ उत्साह बढेको देखिन्छ । देशमा सम्भावना छैन भनेर विदेशिने युवाका लागि लामा उदाहरण बनेका छन् । अरुको देशमा श्रम खर्चिनुभन्दा आफ्नै देशमा मिहेनत गरेर समृद्धि हासिल गर्न सकिन्छ भन्ने धारणा राख्ने लामाले गणितमा स्नातकोत्तर गरेर शिक्षण पेशा सुरुवात गरेका थिए ।

पछि भेटेनरी अध्ययन गरेपछि कृषिक्षेत्रमा लागेका उनी श्रीमतीसँगै फार्म सञ्चालन गरिरहेका छन् । श्रीमती कृषि जेटिए रहेकी छन् भने फार्ममा थप ४ जना कर्मचारी कार्यरत छन् । मकवानपुरको हटिया, हर्नामाडी, गढी, हाँडीखोला, बसामाडीमा ड्रागन खेती भएको पाइन्छ । करिव ७ वर्ष अघि मकवानपुरमा पहिलोपटक मनहरीका रामचन्द्र उप्रेती, हरिशरण अर्यालको समूहले ड्रागन फ्रुट्सको खेती सुरुवात गरेका थिए । हिजोआज प्राय घरका कौसीमा ड्रागनको बोट देख्न पाइन्छ ।

# हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा बास्केटबल प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/हेटौंडा स्कुल अफ म्यानेजमेन्टको आयोजनामा चौथो संस्करणको हुप्स बास्केटबल प्रतियोगिता मंगलबारदेखि सुरु भएको छ ।

उद्घाटन समारोहका प्रमुखअतिथि क्याम्पस व्यवस्थापन समिति अध्यक्ष देवकृष्ण श्रेष्ठ रहेका थिए । कार्यक्रममा विद्यालयका प्रिन्सिपल पुरनबहादुर जोशीले खेलकुद गतिविधिले विद्यार्थीको शैक्षिक र व्यक्तिगत क्षमता विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठ र प्रिन्सिपल जोशीले रेफ्री विज्ञान लामा र आयुष दोङलाई बास्केटबल हस्तान्तरण गरी खेल सुरु भएको हो ।

उद्घाटन खेलमा होटल म्यानेजमेन्ट एवम् १२ को कमर्सको सयुक्तको टिम बिजयी भएको छ । पहिलो खेलमा होटल म्यानेजमेन्ट एवम् १२ को कमर्सले ४९ स्कोर गर्दा बिआईएम टिमले ३९ मात्र स्कोर गरे । यसैगरी बिसिए र विज्ञान एवम् ११ को कमर्सको संयुक्त टीमबीचको दोश्रो खेल वर्षाको कारण स्थगित भएको छ । स्थगित भएको खेल बुधबार हुने जनाइएको छ । लिगको आधारमा हुने प्रतियोगितामा पुरुषको ४ र महिलाको २ गरी ६ टोली सहभागी छन् ।

भदौ ६ गतेसम्म हुने प्रतियोगितामा प्रत्येक दिन दुई खेल हुने कार्यक्रम संयोजक दिपेश श्रेष्ठले जानकारी दिएका छन् । विजेता टिमले नगद ७ हजार रुपैयाँसहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछ भने दोस्रो हुने टिमलाई ५ हजार रुपैयाँसहित मेडल, प्रमाणपत्र र ट्रफी प्रदान गरिनेछ । प्रतियोगिताको मोस्ट भ्यालुएबल प्लेयरलाई नगद ३ हजार रुपैयाँ पुरस्कारस्वरुप प्रदान गरिनेछ । प्रतियोगिताको समापन कार्यक्रम भदौ ६ गते शुक्रबार दिउँसो ४ बजे हुने जनाइएको छ ।

# स्वास्थ्य मन्त्री थापाद्वारा प्रतिष्ठानका शैक्षिक कक्षाको अवलोकन



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले मंगलबार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालनमा रहेका विभिन्न शैक्षिक कार्यक्रमको विस्तृत अवलोकन गरेका छन् ।

मन्त्री थापाले प्रतिष्ठानका कक्षा संचालनमा रहेका नलेज भिलेज, गौरीटार र हुप्रचौर तथा अनुसन्धान केन्द्रको अवलोकन गर्दै आवश्यक निर्देशन दिए । अनुगमन पश्चात् उनले प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको आधारभूत अस्पतालको निर्माण सम्पन्न भइसकेको जानकारी दिँदै ती अस्पतालमा सेवा विस्तारका लागि आवश्यक दक्ष जनशक्ति यही प्रतिष्ठानबाट उत्पादन हुने विश्वास व्यक्त गरे । यसैक्रममा मन्त्री थापाले प्रतिष्ठानले छोटो अवधिमै उल्लेखनीय उपलब्धि हासिल गरेको भन्दै यसलाई स्थापित गर्न सरकार प्रतिवद्ध रहेको बताए ।

छिटोभन्दा छिटो नयाँ भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट कक्षा सुचारु गराउने पनि उनले बताए । चिकित्सा शिक्षा आयोगले यसै शैक्षिक सत्रदेखि प्रतिष्ठानलाई ५० सिटका लागि एमबीबीएस कार्यक्रम सञ्चालन गर्ने स्वीकृति प्रदान गरिसकेको छ । यसअघि नै यहाँ बीएस्सी नर्सिङ, मेडिकल ल्याब टेक्नोलोजी, पब्लिक हेल्थ र ब्याचलर अफ फार्मेसी जस्ता स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेका छन् ।

यसबाहेक यसै शैक्षिक वर्षदेखि प्रतिष्ठानमा मास्टर्स तहका सात विषय स्त्री तथा प्रसूति, फिजिसियन, जनरल सर्जरी, बालरोग, हाडजोर्नी तथा नशारोग, फेमिली फिजिसियन र एनेस्थेसियोलोजीमा अध्यापन सुरु हुने भएको छ । अनुगमनमा मन्त्रालयका सचिव डा. सुमित्रा गौतम, प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवाली, शिक्षाध्यक्ष डा. दिनेशकुमार लम्साललगायतको सहभागिता रहेको थियो ।

# जनताले रोजेको योजनालाई प्राथमिकता दिन्छौँ: मन्त्री तामाङ

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले रसुवाली माटोले खोजेको र जनताले रोजेको योजना तथा कार्यक्रमलाई बजेट व्यवस्था गरी काम गर्ने बताएका छन् ।

अर्थमन्त्रीमा नियुक्त भएपछि पहिलोपटक गृहजिल्ला पुगेका मन्त्री तामाङले शिक्षा, स्वास्थ्यसहित विकास निर्माणका हिसाबले पछि परेका रसुवाली जनताको भावना र चाहनाबमोजिम सक्दो काम गर्ने प्रतिबद्धता व्यक्त गरे । जनतालाई केन्द्रमा राखेर तयार गरिएका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई विकास निर्माणसहित आमजनताको जीवनस्तर सुधार गर्नेतर्फ जिल्लावासी एक हुनुपर्नेमा उनले जोड दिए ।


रसुवा जिल्लाबाट बागमती प्रदेशसभामा दोस्रो कार्यकालका लागि प्रतिनिधित्व गर्ने नवनियुक्त मन्त्री तामाङलाई जिल्ला प्रवेश गरेसँगै वेत्रावती, कालिकास्थान, धुन्चे, स्याफ्रुबेसीलगायत विभिन्न स्थानमा रसुवावासीले स्वागत तथा सम्मान गर्दै विभिन्न विकास योजनाका लागि आवश्यक बजेट व्यवस्था गरिदिन माग गरे । नेपाली कांग्रेसका जिल्ला सभापति पेम्वाछिरिङ तामाङका अनुसार स्थानीय जनताले सडक मर्मत तथा सुधार गर्न, निर्माणाधीन रसुवागढी स्थित एकीकृत भन्सार कार्यालय भवन चाँडो सक्न, गोसाइँकुण्ड धार्मिक मार्गको मर्मतसम्भारसहित सुधार गर्न, कृषि र स्वास्थ्य, पाठशाला स्थापना गर्न, स्याउ चिस्यान केन्द्र भवन निर्माण गरिदिन मन्त्री लामासँग अनुरोध गरे ।

धार्मिक, सांस्कृतिक तथा भौगोलिक दृष्टिले पर्यटकीयस्थलका रुपमा परिचित रसुवा जिल्लास्थित विभिन्न स्थानका पैदलमार्गको गोरेटो-घोडेटो बाटो निर्माण गर्न, गोसाइँकुण्डमा आवश्यक पूर्वाधार निर्माण गर्न र जनताको दैनिक जनजीवनसँग सरोकार राख्ने माग मुद्दालाई सम्बोधन गर्न प्रदेश अर्थमन्त्रीको भूमिकामा रहनुभएका मन्त्री तामाङसँग जिल्लावासीका तर्फबाट अनुरोध गरिएको कांग्रेस सभापति तामाङले जानकारी दिए ।

# चट्याङ लागेर मनहरीमा १ जनाको मृत्यु, ७ जना घाइते

हेटौंडा, ३ भदौ/ मकवानपुरको मनहरी गाउँपालिका-६ हङलङमा मंगलबार चट्याङ लागेर एकजनाको मृत्यु भएको छ भने ७ जना घाइते भएका छन् ।

मंगलबार अपरान्ह ४:२० को समयमा पालबहादुर घलानको घरमा किरियाको कामका सघाउन आएका दैलीडाँडाका ४२ वर्षीय बिशाल ब्लोनलाई चट्याङ लाग्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । घटनामा अन्य सात जना सामान्य घाइते भएका छन् । घाइतेहरुमा १२ वर्षीया वर्षा घलान, १२ वर्षीय सुजन घलान, १६ वर्षीय सन्तोष घलान, ३८ वर्षीया शान्ति तितुङ, ३४ वर्षीय प्रेमबहादुर



घलान, ३७ वर्षीय राजकुमार घलान र चितवन राप्ती नगरपालिका-११ का ४७ वर्षीय पानबहादुर मोक्तान रहेका छन् ।

प्रहरीका अनुसार उनीहरुको स्वास्थ्यअवस्था सामान्य रहेको छ । घटनाको खबर प्राप्त हुनासाथ प्रहरीचौकी सुनाचुरीबाट प्रहरीटोली खटिगई घाइतेहरुलाई तत्काल अस्पताल पुऱ्याएको प्रहरीले जनाएको छ । यस्तै घटनास्थललाई सुरक्षित राखी आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।



साझाकुरा

## हाम्रो कुरा

# मिडिया काउन्सिल विधेयकमा सुझाव

हुन त नेपालको मिडिया अहिले पनि बामेसर्दै गरेको अवस्था छ । २०४६ सालको आन्दोलनले स्थापित गरेको दलमाथिको प्रतिबन्ध फुकुवाले नेपालका मिडियालाई निकै मलजल गरेको हो । तर, मिडिया हाउस बढेर पनि गुणस्तरमा भने संकट नै रह्यो । २०७३ मा जारी नेपालको संविधानले ग्यारेन्टी गरेको प्रेस स्वतन्त्रतालाई खुम्च्याउने प्रयास पनि बेलाबेला हुने गरेको छ । कुनैबेला प्रेस स्वतन्त्रताका लागि संचारकर्मीहरु सडकमा आन्दोलन गरिरहँदा 'पत्रकारको जागिर बचाउन गरिएको आन्दोलन' भनेर प्रतिक्रिया दिनेहरुले अहिले त्यो आन्दोलन आमनागरिकका लागि रहेछ भनेर बल्ल बुझ्न थालेका छन् । २०६२/६३ को जनआन्दोलन पछि नेपाल पत्रकार महासंघले पत्रकारको नियुक्तिपत्र र न्यूनतम पारिश्रमिकका लागि आन्दोलन गरिरहेको छ । नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक पनि पाउन नसकेका पत्रकारले धानेको नेपालको मिडिया हाउसबाट नागरिकले कति अपेक्षा राख्ने ? हिजोआज सिटिवन जर्नालिजमको अभ्यास भइरहेको छ । जसका कारण संचारकर्मीको महत्व पनि घट्दै गएको छ । सामाजिक संजालमा आएका भ्रामक टिप्पणीलाई नै आधिकारिक समाचार मानेर संचारगृहलाई गाली गर्नेहरुको जमात पनि कम छैन । सामाजिक संजाल व्यक्तिगत बिचार राख्ने प्लेटफर्म मात्र हो । संचारगृहले जस्तो सेल्फ सेन्सरसीप सामाजिक संजालमा लागू हुन सक्दैन । त्यसैले सामाजिक संजाल र संचारगृहको अवधारणा नै फरक छ ।

नेपाल पत्रकार महासंघले हाल छलफल रहेको 'मिडिया काउन्सिल विधेयक, २०८२' का केही दफाहरु परिमार्जन गर्नुपर्ने मागसहित सुझाव पेस गरेको छ । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिमा बुझाइएको ३४ बुँदे सुझावमा महासंघले प्रस्तावित विधेयकलाई सरकारी नियन्त्रणबाट मुक्त, स्वायत्त, स्वतन्त्र र व्यावसायिक पत्रकारिताको मर्मअनुसार बनाउनुपर्नेमा जोड दिएको छ । महासंघले विधेयकको नामदेखि काउन्सिलको संरचना, अध्यक्ष तथा सदस्यको नियुक्ति प्रक्रिया, योग्यता, काम कर्तव्य र अधिकारसम्मका दफामा संशोधन गर्नुपर्ने भन्दै सुझाव पेस गरेको हो । विधेयकको नाम 'आमसञ्चार परिषद्' नभई 'मिडिया काउन्सिल नेपाल' नै कायम गरिनुपर्ने महासंघको पहिलो सुझाव छ । 'प्रेस काउन्सिलले अहिले पनि अनुगमनको काम गरिरहेको र मिडिया काउन्सिलको नामले नै नियामक निकाय भनेर सहजै बुझिने हुँदा नाममा सहजता कायम गर्नुपर्ने' महासंघको तर्क छ । विधेयकको प्रस्तावनामा 'नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको पूर्णप्रेस स्वतन्त्रताप्रति पूर्णप्रतिबद्ध रही' भन्ने वाक्यांश थप गर्नुपर्ने सुझाव दिएको छ । महासंघले काउन्सिलको गठन प्रक्रियालाई थप समावेशी र स्वतन्त्र बनाउन प्रस्ताव गरेको छ । दफा ६ मा रहेको काउन्सिल गठनसम्बन्धी व्यवस्थामा संघीय संसद्को प्रतिनिधिसभाका सभामुखले तोकेको एकजना र राष्ट्रियसभाका अध्यक्षले तोकेको एकजना सदस्य रहने व्यवस्था थप गर्न सुझाइएको छ । अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस समितिको संरचनामा पनि महासंघले हेरफेरको प्रस्ताव गरेको छ । हालको विधेयकमा मन्त्रालयका सचिवको संयोजकत्वमा समिति रहने व्यवस्थाको सट्टा 'संघीय प्रतिनिधिसभाको सभामुखको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधिमन्त्री र नेपाल पत्रकार महासंघको अध्यक्ष रहने गरी तीन सदस्यीय सिफारिस समिति' गठन गर्नुपर्ने सुझाव दिएको छ । यस्तो व्यवस्थाले काउन्सिलको गरिमा कायम हुने र नियुक्ति प्रक्रिया स्वतन्त्र हुने महासंघको विश्वास छ ।

अध्यक्षको योग्यतामा 'सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको' भन्ने वाक्यांशको सट्टा 'उच्च अदालतको अवकासप्राप्त मुख्य न्यायाधीश वा न्यायाधीश, वरिष्ठ अधिवक्ता' भन्ने वाक्यांश थप गर्न र अनुभवको अवधि १५ वर्षबाट बढाएर २० वर्ष पुऱ्याउनुपर्ने सुझाव छ । यसले काउन्सिलको गरिमा अझै बढ्ने महासंघको तर्क छ । सदस्यहरुको हकमा पनि अनुभवको अवधि १० वर्षबाट बढाएर १५ वर्ष पुऱ्याउन माग गरेको छ । महासंघले काउन्सिललाई स्वायत्त नियामक निकाय बनाउन सूचना तथा प्रसारण विभागको महानिर्देशक काउन्सिलको सचिव हुने हालको व्यवस्था खारेज गर्नुपर्ने जनाएको छ । यसको सट्टा खुला प्रतिस्पर्धाको आधारमा प्रमुख कार्यकारीअधिकृत नियुक्ति गरिनुपर्ने र सोही व्यक्ति सदस्य सचिवको भूमिकामा रहने व्यवस्था गर्न सुझाएको छ । काउन्सिलले आफ्नो वार्षिक प्रतिवेदन मन्त्रालयमार्फत नेपाल सरकारलाई नभई सीधै राष्ट्रपतिसमक्ष पेसगर्न पाउनुपर्ने माग राखेको छ । महासंघले 'पारिश्रमिक लिई वा नलिई' भन्ने वाक्यांश हटाउन माग गरेको छ, किनभने यो श्रमजीवी पत्रकार ऐनविपरीत छ । पत्रकारलाई प्रेस प्रतिनिधि परिचयपत्र दिने व्यवस्था काउन्सिलले नभई आमसञ्चार प्राधिकरणजस्ता निकायले गर्नुपर्ने भन्दै विधेयकको दफा २७ हटाउन प्रस्ताव गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ५ गते बिहीबार २० अगष्ट २०२५ । त्रयोदशी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३४।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसूग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# कस्तो छ ज्येष्ठ नागरिकको अवस्था, कसरी गर्ने हेरचाह ?



✍सुरेश आले मगर

मानिसका सामान्यतया तीन अवस्था हुन्छन्– बाल, युवा र वृद्ध । यी अवस्थाहरूमध्ये सबभन्दा पहिलो हो बाल्यावस्था किनकि मानिस जन्मेपछि बालक नै हुन्छ । यो अवस्था भनेको यस्तो अवस्था हो जसमा मानिसलाई ज्ञान, चेतना, थाहा वा जानकारी र डर केही पनि हुँदैनह एकदम अबोध, नादान र अनजान अवस्था हुन्छ । शारीरिक तथा मानसिक रूपमा परनिर्भर हुन्छ । त्यसैले यस्तो अवस्थाको व्यक्तिलाई अरूको समर्थन र सहयोगको आवश्यकता हुन्छ । युवावस्था भनेको शारीरिक र मानसिक सबै दृष्टिले सबल तथा सुदृढ अवस्था हो । त्यति मात्र हैन, यो अवस्था भनेको बल, फूर्ति र जोशले भरिएको अवस्था पनि हो । मान्छेले जे-जति गर्छ वा गर्न सक्छ, यही उमेर वा अवस्थामा गर्न सक्छ ।

वृद्धावस्था भनेको मान्छेको जीवनको उत्तरार्द्धको वा अन्तिम अवस्था हो, यो अवस्था भनेको एक प्रकारले बाल्यावस्था जस्तै हो । यस अवस्थामा पनि मान्छेले केही गर्न सक्दैन किनकि यस अवस्थामा मान्छे शारीरिक र भौतिक दृष्टिले असमर्थ र अशक्त भइसकेको हुन्छ । यस लेखमा वृद्धावस्थाका मान्छे वा ज्येष्ठ नागरिकहरूका बारेमा सामान्य चर्चा गर्ने प्रयास गरिएको छ । बालबालिकामा ज्ञान, चेतना, जानकारी, डर तथा अनुभव नहुने र शारीरिक तथा मानसिक रूपले सक्षम र सबल पनि नरहने भएकोले तिनीहरूले समाज, देश र जनतालाई सहयोग गर्न र योगदान दिन सक्दैनन् । बरू राज्यले नै तिनीहरूका लागि विशेष व्यवस्था गर्नुपर्दछ किनकि बालबालिकाहरू भनेको कुनै पनि देशको भविष्यका कर्णधार हुन् । तर वृद्धावस्था भनेको केही फरक अवस्था हो ।

यो यस्तो अवस्था हो जुन अवस्थाको मान्छेमा चेतना, ज्ञान, जानकारी तथा सूचनाहरू हुन्छन् । त्यति मात्रै हैन, वृद्ध मान्छेले कुनै सीप सिकेको र अनुभव समेत सँगालेको हुन्छ । अर्को भिन्नता के हुन्छ भने सामान्यतया बालबालिकामा कुनै त्यस्तो रोग हुँदैन, उनीहरू सामान्यतया स्वस्थ र निरोगी हुन्छन् । तर अधिकांश वृद्ध-वृद्धा भने ब्लड प्रेसर, सुगर, दम, प्रोस्टेट, थाइराइड, ग्यास्टिक, पाठेघर, स्त्रीरोग, मुटुरोग, अल्जाइमर, युरिक एसिड, कोलेस्ट्रोल, क्यान्सर आदि विभिन्न रोगले आक्रान्त भएका हुन्छन् । अर्को फरक के पनि हुन्छ भने वृद्धवृद्धाहरू शारीरिक र भौतिक रूपले मात्र कमजोर र अक्षम हुन्छन् तर उनीहरू मानसिक, बौद्धिक, मनोवैज्ञानिक र नैतिक दृष्टिले बलियै हुन्छन् र कसैलाई पनि सुझाव, सरसल्लाह एवं परामर्श दिन र आफ्ना ज्ञान, सीप, सूचना तथा अनुभवहरू अरूलाई बाँड्न सक्छन् ।

र, अन्य मान्छेहरू, समाज, सरकार तथा सिंगो राज्यले तिनलाई सदुपयोग गर्न र तिनीहरूबाट लाभान्वित हुनसक्छन् । बालक र वृद्धावस्थाको मान्छेले शारीरिक र भौतिक रूपले केही गर्न नसक्ने अवस्था भएको हुनाले यी दुवै अवस्थाका मान्छेहरूलाई अरू व्यक्ति वा संस्थाको सहयोगको आवश्यकता हुन्छ । नेपालमा ज्येष्ठ नागरिकहरूको संख्या राष्ट्रिय जनगणना, २०७८ अनुसार २९ लाख ७७ हजार ३१८ रहेको छ । यो संख्या देशको कुल जनसंख्याको १०.२१ प्रतिशत हो । नेपालको कानूनले ६० वर्षको उमेरलाई ज्येष्ठ नागरिक मानेको छ । ज्येष्ठ नागरिकहरूको महत्व, संवेदनशीलता, उपादेयता र गम्भीरतालाई मध्यनजर गर्दै नेपालमा ज्येष्ठ नागरिकहरूका बारेमा केही व्यवस्थाहरू गरिएको पाइन्छ ।

सर्वप्रथम, ज्येष्ठ नागरिकहरूको सवाललाई लिएर एउटा मन्त्रालय नै गठन भएको छ, यद्यपि त्यसमा महिला तथा बालबालिकाहरूको विषय पनि जोडिएका छन् र मन्त्रालयको नाम राखिएको छ- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय । नेपालको संविधानको धारा-४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको छ भने राष्ट्रिय योजना आयोगले ज्येष्ठ नागरिकहरूको जीवन व्यवस्थित, सुरक्षित र सम्मानित बनाउने र उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रको समृद्धिमा लगाउने नीति लिएको छ । त्यसैगरी, राज्यले ज्येष्ठ नागरिकलाई यातायातमा ५० प्रतिशत र स्वास्थ्य उपचारमा पनि छुटको व्यवस्था गरेको छ । तर यी व्यवस्थाहरू व्यवहारमा राम्ररी लागू भएको पाइन्न ।

यसै सिलसिलामा, सर्वप्रथम २०५१ सालमा नेकपा एमालेको अल्पमतको सरकारले वृद्ध नागरिकहरूका लागि वृद्ध भत्ताको व्यवस्था गरेको थियो । त्यतिबेला उमेर तोकिएको थियो ७५ वर्ष र भत्ता रकम थियो १०० रुपैयाँ । त्यसपछिका सरकारहरूले पनि उक्त नीतिलाई निरन्तरता दिँदै लगे र यो रकम क्रमश: बढाउँदै लगेर हाल चार हजार रुपैयाँ पुऱ्याइएको छ र उमेरको हकमा ७० वर्ष कायम गरिएको छ । भत्ता रकम थोरै भए तापनि वृद्ध भत्ताको उक्त व्यवस्था नेपालमा नितान्त नौलो र ऐतिहासिक थियो । त्यसले एकातिर जनतामाथि, विशेष गरी वृद्ध-वृद्धामाथि राम्रो प्रभाव पारेको थियो भने अर्कोतिर प्रतिक्रियावादीहरूले कम्युनिष्टहरूका विरुद्ध लगाउने निराधार र वाहियात् आरोप अर्थात् 'कम्युनिष्ट व्यवस्थामा त बुढाबुढीहरू सबैलाई गोली हानेर मारिदिन्छ' लाई पूर्णत: खण्डन गरेको थियो ।

अब विश्वका अन्य देशहरूमा ज्येष्ठ नागरिकहरूका लागि के-कस्तो व्यवस्था गरिएको छ ? केही अध्ययन गरौं । ज्येष्ठ नागरिकहरूको हेरचाहका सवालमा सबैभन्दा राम्रो व्यवस्था भएको देश नर्वे हो । त्यहाँ वृद्ध नागरिकहरूलाई सेवा र सुविधाहरूको बृहत् व्यवस्था गरिएको छ र उनीहरूलाई सकेसम्म घरमै बस्न पाउने व्यवस्था हुन्छ । यी व्यवस्थाहरूमा गृह-केन्द्रित हेरचाह, नर्सिङ होम, आवास र अन्य कैयन् सहयोगी योजनाहरू पर्दछन् । त्यसपछि वृद्ध नागरिकहरूको लागि राम्रो व्यवस्था भएको देश स्वीडेन हो । त्यहाँ यसबारे एउटा सुव्यवस्थित कल्याण योजना छ ।

उसले ज्येष्ठ नागरिकहरूको अत्याधुनिक स्वास्थ्य हेरचाह, पेन्सन, सामाजिक सुरक्षा र सुविधाजनक रहनसहन तथा सामाजिक गतिविधि तथा सामुदायिक संलग्नता मार्फत ज्येष्ठ नागरिकहरूलाई समाजमा एकजुट बनाउने कार्यमा धेरै लगानी गरेको छ । स्विट्जरल्याण्ड, जर्मनी र नेदरल्याण्डमा पनि ज्येष्ठ नागरिकहरूका लागि धेरै राम्रो सुविधा र व्यवस्था गरिएका छन् । त्यसो त सिंगो युरोप महादेशमै वृद्धवृद्धाहरूले राम्रो हेरविचार, सेवा र सुविधाहरू प्राप्त गर्दछन् । उनीहरूले उपेक्षित र अवहेलित महसुस गर्नुपर्दैन, बुढेसकालमा दु:ख पाइएला कि वा परिवार तथा समाजले बोझ ठान्लान् कि भन्ने चिन्ता गर्नै पर्दैन ।

अमेरिकी महादेशमा क्यानडामा वृद्धवृद्धाका लागि राम्रो व्यवस्था गरिएको पाइन्छ । त्यहाँ तिनीहरूका लागि सेवा र सुविधाहरूको बृहत् क्षेत्रमा पहुँच रहन्छ । यी सुविधाहरूमा दीर्घकालीन हेरचाह गृहहरू, सँगै बस्ने समुदाय तथा आन्तरिक गृह हेरचाह सेवाहरूको व्यवस्था आदि पर्दछन् । इजरायलमा ज्येष्ठ नागरिकहरूका लागि विभिन्न सेवा र प्रावधानहरूको बृहत् व्यवस्था गरिएको छ । यिनमा आर्थिक सहयोग, स्वास्थ्य हेरचाह, सामाजिक सहयोग प्रणाली आदि पर्दछन् । आर्थिक सहयोगहरूमा वृद्ध पेन्सन, दीर्घकालीन बीमा सेवा, ज्येष्ठ नागरिक छुट आदिको सुविधा हुन्छ । त्यसैगरी, तिनीहरूलाई नि:शुल्क आवासको पनि व्यवस्था हुन्छ ।

त्यहाँ तिनीहरूका लागि ज्येष्ठ नागरिक ऐन, दीर्घकालीन सेवा बीमा आदिको व्यवस्था गरिएका हुन्छन् । नेपालबाट इजरायलमा रोजगारीमा गएका कतिपय मान्छेहरू यस्तै सरकारी नि:शुल्क आवासहरूमा राखिने ज्येष्ठ नागरिकहरूको सेवा र हेरचाह गर्ने कार्यमा लगाइन्छन् । विश्वमा जापान यस्तो देश हो जहाँ वृद्ध-वृद्धाहरूको ठूलो संख्या छ, त्यहाँ वृद्ध-वृद्धाहरू कुल जनसंख्याको २९ प्रतिशत छन् । यो प्रतिशत विश्वमै सबभन्दा उच्च हो । त्यहाँ मान्छेको औसत उमेर नै ८५ वर्ष छ । त्यहाँ तिनीहरूका लागि बृहत् सहयोगको व्यवस्था गरिएको हुन्छ जसमा आवास, सामाजिक कल्याण, स्वास्थ्य हेरचाह र रोजगारीका पहलहरू पर्दछन् ।

त्यहाँ विभिन्न ऐन-कानून र प्रावधानहरू व्यवस्था गरिएका हुन्छन् र तिनले, विशेषगरी, तिनीहरूको स्वतन्त्रता, सुरक्षा, समुदायमा संलग्न हुने कार्य र आफ्ना समुदायहरूमा उच्चस्तरीय जीवनयापनमा जोड दिएका हुन्छन् । चीनमा पनि ज्येष्ठ नागरिकहरूका लागि विभिन्न व्यवस्था गरिएका छन् । त्यहाँ तिनीहरूको हेरचाहका लागि बहुआयामिक पद्धति अँगालिएको छ । यसअनुसार, सामाजिक सुरक्षा, स्वास्थ्य हेरचाह र समुदाय-आधारित विभिन्न कार्यक्रमहरू पर्दछन् । सरकारले तिनीहरूका लागि ज्येष्ठ नागरिकहरूको अधिकार तथा हितको सुरक्षाका लागि ऐन नै बनाएको छ ।

चीनमा तिनीहरूका लागि परिवारिक एवं सामुदायिक सहयोगमा जोड दिइन्छ र डिजिटल सेवाको सहयोग पनि उपलब्ध गराइन्छ । त्यहाँ कन्फ्युसियसको सिद्धान्तबमोजिम वृद्धवृद्धाहरूप्रति आदर, आज्ञाकारिता र हेरचाहलाई ध्यानमा राखिन्छ । विश्वमा वृद्ध-वृद्धाहरूलाई बेवास्ता गर्ने देशहरू पनि छन् । तीमध्ये बुरुन्डी पहिलो स्थानमा आउँछ भने सियरालिओन र दक्षिण सुडान क्रमश: दोस्रो र तेस्रो नम्बरमा पर्दछन् । यीबाहेक, अफगानिस्तान, म्याडागास्कर, सुडान, सिरिया, मलावी र यमन आदि देशहरूमा पनि ज्येष्ठ नागरिकहरूलाई कुनै व्यवस्था गरिँदैन ।

बुरुन्डीमा पनि आदर-सम्मानको कोणबाट त वृद्ध-वृद्धाहरूलाई आदर-सम्मान नै गरिन्छ र तिनलाई संस्कृति, ज्ञान आदिको स्रोत मानिन्छ । तर तिनलाई त्यतिले मात्रै त पुग्दैन, आर्थिक सहयोग, स्वास्थ्य हेरचाह आदिको पनि तिनलाई आवश्यकता पर्दछ । हो, यिनै समस्याहरू तिनले झेल्दछन् । त्यहाँ राज्यले ज्येष्ठ नागरिकहरूका लागि कुनै व्यवस्था गरेको छैन, सीमित स्रोत-साधन, गरिबी आदिका कारणले । परिवारले पनि तिनलाई हेर्दैनन्, त्यही गरिबीका कारणले र आजभोलि आधुनिकीकरणको हावा बुरुण्डीमा पनि चलेको कारण युवा वर्ग र छोरा-छोरीहरूले बुबा-आमा, हजुरबुबा-हजुरआमाहरूलाई हेर्ने चलन छोड्दै गएका छन् । अन्त्यमा, वृद्धावस्थाका व्यक्तिहरू ज्ञान, सीप, प्रतिभा, अनुभव आदिका भण्डार त हुन् तर तिनीहरू आफैं केही गर्न भने भौतिक, शारीरिक आदि कारणले असमर्थ हुन्छन् र विभिन्न कारणले गर्दा परिवारहरूले पनि तिनलाई सहयोग गर्न नसक्ने अवस्था हुन सक्छ । त्यसैले, नेपाल होस् वा जुनसुकै देश किन नहोस्ह राज्य वा सरकारले नै वृद्ध-वृद्धाहरूको हेरविचार गर्नुपर्छ, तिनीहरूका लागि विभिन्न नीति, योजना र कार्यक्रमहरू बनाएर तिनीहरूको हेरचाह गर्नुपर्दछ, तिनीहरूलाई बाँचुञ्जेल कुनै कुराको अभाव हुन दिनुहुन्न ।

*(साभार: अनलाइनखबर)*

# पूर्वराष्ट्रपतिमा राजनीतिक मोह कि जिम्मेवारीबोध ?

✍शंकरनाथ काफ्ले

नेकपा एमालेले पूर्वराष्ट्रपतिलाई पार्टीमा नफर्काउने निर्णय गरेपछि त्यसलाई पूर्वराष्ट्रपतिले पार्टीको पूर्वउपाध्यक्षको हैसियतमा नेतृत्वलाई चुनौती दिँदै आफूलाई जननेता स्व. मदन भण्डारीले पार्टीको सदस्यता प्रदान गरेको, आफू पार्टीकै सदस्य भएको कारण पार्टीको निर्देशनबमोजिम राष्ट्रपतिको पद सम्हालेको र अब फेरि आफ्नो जिम्मेवारीबोधको कारण पार्टी सदस्यता नवीकरण गरी राजनीतिमा सक्रिय भएको भन्दै पत्रकार सम्मेलन गरेपश्चात्त नेकपा एमालेलमा मात्र होइन कि राष्ट्रिय राजनीतिमा नै एउटा तरंग पैदा भएको छ ।

हुन त आजभोलि प्राय: सम्पूर्ण राजनीतिक दलहरुले केही न केही प्रतिकूल अवस्थाको सामना गर्नुपरिरहेको छ । नेपाली कांग्रेस, नेकपा एमाले र राप्रपामा आन्तरिक राजनीतिक द्वन्द्व बढिरहेको देखिन्छ । देखा परेका उक्त राजनीतिक घटनाहरुले सम्बन्धित राजनीतिक शक्तिहरुलाई नै कमजोर बनाउन सक्ने भएका कारण आ-आफ्ना राजनीतिक दलको सुदृढीकरणको लागि सम्बन्धित दलले सतर्कता अपनाउनुपर्ने आवश्यकता पनि देखिएको छ ।

यी राजनीतिक घटनाक्रमहरुमा विशेषत: नेकपा एमाले र राप्रपामा नेतृत्वप्रति आन्तरिक प्रहार भएको र त्यसबाट आफू सुरक्षित हुनको लागि नेतृत्वले प्रतिकार गरेको प्रतीत हुन्छ भने नेपाली कांग्रेसमा नेतृत्वले आजको दिनसम्म संयमता प्रदर्शन गरेको नै देखिन्छ तर पनि बागमति प्रदेशसभामा आफ्नै संसदीय दलको प्रमुखविरुद्धको अविश्वासको प्रस्तावले नयाँ नजिर स्थापित गराउने प्रयास भइरहेको छ । यद्यपि प्रत्येक दलमा समस्या समाधानका लागि प्रयासहरु नभइरहेका भने होइनन् ।

आजको चर्चाको विषय पूर्वराष्ट्रपतिको सम्बन्धमा केन्द्रित छ । दुई कार्यकाल मुलुकको सर्वोच्च पदमा रहेर आम जनताको अभिभावकत्वको भूमिका निर्वाह गरिसक्नुभएका सम्माननीय पूर्वराष्ट्रपतिको राजनीतिमा पुनरागमनको सन्दर्भ आजभोलि विशेष चर्चाको विषय बनिरहेको छ । एकातिर उहाँको यो राजनीतिक पुनरागमनको उद्देश्यलाई कतिले बेठीक परम्पराको शुरुवात मानिरहेका छन् भने कतिले उहाँको यो कदमलाई मुलुक र जनताप्रतिको जिम्मेवारीबोधको रुपमा स्वीकार गरिरहेका छन् । तसर्थ उहाँको यो निर्णयबाट कोही उत्साहित भएका छन् भने एमाले नेतृत्व तहले यसलाई अस्वाभाविक मानिरहेको छ । पूर्वराष्ट्रपतिले कुनै एक पार्टीको सदस्य भएर राजनीति गर्नु हुन्छ वा हुँदैन भन्ने कुरा एउटा छुट्टै विश्लेषणको विषय बन्ला तर उहाँले पूर्वउपाध्यक्षको रुपमा पत्रकार सम्मेलन गरेर पार्टी नेतृत्वले गरेको निर्णय आफूलाई अमान्य भनी घोषणा गरिसक्नुभएको छ अर्थात् उहाँ प्रत्यक्ष राजनीतिमा प्रवेश गरिसक्नुभएको अवस्था छ ।

एउटा कोणबाट हेर्दा, नेपालको सन्दर्भमा राष्ट्रपति सेरेमोनियल पद हो । राष्ट्रपतिले कुनै गल्ती गर्दैनन् भन्ने विश्वास गरिन्छ । तसर्थ राष्ट्रपतिलाई महामहिम मानिन्छ, सम्माननीय भनेर पुजिन्छ । पूर्वराष्ट्रपति भइसकेको अवस्थामा पनि जनताको फदयमा अभिभावकको छवि नै देखिन्छ । जनताको फदयमा रहन सक्षम बनेका गरिमामय व्यक्तित्वले कुनै पनि बहानामा कुनै एकमात्र राजनीतिक दलको सदस्य बनेर उभिँदा आम नागरिकको विश्वास चकनाचुर हुन जान्छ, तसर्थ पूर्वराष्ट्रपतिले राजनीतिक मोह नराखिदिए हुन्थ्यो भन्ने एमालेको मनसाय देखिन्छ ।

अर्कोतर्फ, राष्ट्रपति पनि कुनै राजनीतिक दलबाट नै निर्वाचित भएर जाने हो, राष्ट्रपति पनि एउटा राजनीतिक प्राणी नै हो, राष्ट्रपति बनिसकेको व्यक्तिले मुलुक र जनताको लागि भिन्न राजनीतिक भूमिकाबाट सेवा गर्ने इच्छा राख्छ वा त्यस प्रकारको व्यक्तित्व मुलुकको लागि आवश्यक पर्दछ भने उसले राजनीतिमा रहेर महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ वा पाउनुपर्दछ भन्ने तर्क पनि दह्रोरुपमा छरिएको छ । एकपटक राष्ट्रपति भइसकेको व्यक्तिले आफ्नो राजनीतिक अधिकार गुमाएको मान्नुपर्छ भन्ने छैन । तसर्थ पूर्वराष्ट्रपतिको राजनीतिक चाहनालाई महत्वपूर्ण स्थान दिनुपर्दछ भन्ने आवाज पनि उठिरहेको छ । एक हदसम्म उक्त दलील पनि ठीक हुन सक्ला ।

यहाँ एउटा संशय उत्पन्न भएको छ अर्थात् एउटा सम्माननीय पदमा रहेर राज्यको अभिभावकीय भूमिका निर्वाह गरिसकेको व्यक्तिप्रति गरिने सम्बोधन, शिष्टता र व्यवहार एउटा राजनीतिक दलको नेताप्रति नहुन सक्छ । सर्वमान्य नेतालाई सबैले मान्छन् तर कुनै एउटा दलको नेता छ भने उसलाई सबैले नमान्न सक्छन्, सर्वमान्य नहुन सक्छ । काम गर्दै जाँदा टीकाटिप्पणी गर्नुपर्ने अवस्था पनि आउन सक्छ ।

घटनाक्रमले कामको परिणामको विश्लेषण गरेर विरोध गर्नुपर्ने अवस्था पनि ल्याउन सक्छ । नेपालमा आज कुनै नेताको जयजयकार गर्नु र कुनै नेतालाई मुर्दावाद भन्नु भनेको सामान्य संस्कार बनिरहेको छ । संसद्मा समेत जिन्दावाद र मुर्दावादको नारा लाग्ने हाम्रो जस्तो राजनीतिक संस्कारमा पूर्ण सम्मानका साथ सम्बोधन गर्नुपर्ने सम्माननीय विरुद्ध तीता र दूषित शब्दहरु छेड्ने परम्पराको शुरुवात भयो भने राष्ट्रपति पदको गरिमा कुन अवस्थामा पुग्ला ? त्यसतर्फ पनि गम्भीर हुनु आवश्यक छ ।

एकातर्फ गणतन्त्रविरोधी शक्तिहरु गणतन्त्रको नाममा देखिएका कमजोर पक्षहरुको सूची तयार पारेर जनतालाई भ्रमित पार्ने प्रयास गरिरहेका छन् भने अर्कोतर्फ हामी उच्च पदको अवमूल्यन गर्दै सीमित राजनीतिक उद्देश्यको लागि आदर्शलाई तिलाञ्जलि दिने प्रयास गरिरहेका छौं । एकातर्फ राजावादीहरु गणतन्त्रका केही त्रुटिहरु लिपिबद्ध गर्दै जनतामा निराशा बढेको पुष्टि गराउँदै राजतन्त्र अपरिहार्य छ भन्ने दलील प्रस्तुत गरिरहेका छन् भने आफूलाई लोकतन्त्रको हिमायती हुँ भनी घोषणा गर्ने हामीले सुधारका लागि आफ्नै परिवारका सदस्यहरुले दिएका सुझावहरुलाई विरोधको संज्ञा ठानेर कारवाहीको तानाबाना बुनिरहेका हुन्छौं । हामी लोकतान्त्रिक संस्कारमा हुर्किरहेका छौं भन्ने वास्तविकतालाई भुलेर कतै व्यक्तिगत स्वार्थको दलदलमा भाँसिइरहेका त छैनौं ? प्रश्न उठाउने आधारहरु छरपस्टिएका छन् ।

राजनीतिक घटनाक्रमहरुले पात्रको जन्म गराउँछ । त्यसलाई आवश्यकताको सिद्धान्तले पनि गाइड गरिरहेको हुन्छ । पूर्वराष्ट्रपतिको चाहना भनेको एमाले पार्टीमा रहेर राजनीति गर्नु रहे/भएको देखिन्छ । एमाले पार्टी नेतृत्वको हिसाबले होस् वा सांगठनिक हिसाबले होस्, आजको दिनसम्म बलियो नै देखिएको छ । पार्टी नेतृत्वप्रति गुनासो गर्नुपर्ने वा नेतृत्व फेर्नु नै पर्ने भन्ने कुरा एमालेभित्र देखिँदैन । यसअघिको विधानमा भएको २ बर्से कार्यकाल र ७० बर्से उमेर हदलाई संशोधन गरेर भए पनि वर्तमान नेतृत्वलाई नै निरन्तरता दिनुपर्दछ भन्ने एमाले पार्टीभित्र ठूलै मत रहेको देखिन्छ । वर्तमान नेतृत्व पनि आफू अझै पार्टीको नेतृत्वमा रहेर एमालेको अस्तित्व थप बलियो बनाउने उद्देश्यबाट अघि बढिरहेको देखिन्छ ।

यस्तोमा लामो समयदेखि पार्टी राजनीतिबाट अलग रहेर राज्यको अभिभावकको भूमिका निर्वाह गरिसकेका पूर्वराष्ट्रपतिले पार्टीभित्र संकटकाल लागेको झैं ठानेर सक्रिय राजनीतिमा आउन खोज्नु पार्टीको लागि थप चुनौती हुन सक्छ । सङ्लो पानीमा ढुंगा फालेर तरंग ल्याउन खोजेको जस्तो देखिन्छ, गुनासो गर्नेहरु धेरै छन् । त्यस्तै एउटा व्यक्तिको लागि विधान संशोधन गर्न तयार हुने राजनीतिक दलले एउटा व्यक्तिलाई सदस्य बन्नबाट रोक्नेसम्मको कार्य गर्दा त्यसले नराम्रो सन्देश दिन्छ भन्नेहरु पनि छन् ।

एमाले अध्यक्ष मिसन ८४ को अभियानमा रणनीतिकरुपमा अघि बढिरहेको देखिनुहुन्छ । यसको लागि उहाँले सम्पूर्ण शक्ति केन्द्रित गरिरहनुभएको छ । उहाँको रणनीतिप्रति अधिकांश नेता तथा पार्टी कार्यकर्ताहरुमा पूर्ण विश्वास रहेको देखिन्छ । तसर्थ विषम परिस्थिति परी पार्टीको सुदृढीकरणको लागि पूर्वराष्ट्रपतिको अपरिहार्यता देखिएको भए पार्टीको पूर्वनेताको हैसियतले अन्य कुरालाई थाँती राखेर भए पनि पार्टीको लागि त्यसलाई सामान्यरुपमा लिनुपर्ने हुन्थ्यो तर त्यो अवस्था नदेखिएको कारण पूर्वराष्ट्रपतिको उपस्थितिले पार्टीमा थप विग्रहको अवस्था सृजना हुने हो कि भन्ने संशय देखिएकोले एउटा कोणबाट यसप्रति असन्तुष्टि देखा परिरहेको भेटिन्छ ।

पार्टी जीवनमा प्रतिपस्पर्धा अपरिहार्य हुन्छ । वर्तमान नेतृत्व जति नै सक्षम र योग्य भए पनि केही कोणबाट विकल्पको चाहना राख्नु पनि स्वाभाविक नै मानिन्छ । कुनै पनि शक्तिको विरुद्ध कसैले कुनै पनि प्रकारले चुनौती दिएन भने त्यहाँ निरंकुशता र स्वेच्छाचारिता बढ्दै जाने गर्दछ । त्यस्तो अवस्था नआओस् भन्ने केहीको चाहना पनि होला । हुन पनि एमालेभित्र कसैले नेतृत्वको विरोध गऱ्यो भने त्यसको अस्तित्व नै समाप्त पार्ने गरिएको छ भन्ने कुरा एकाध घटनाहरुलाई आधार बनाएर चर्चा चलाउने गरिएको पनि छ । यद्यपि नेतृत्वपंक्ति यो कुरालाई स्वीकार्न तयार रहेको देखिँदैन ।

पूर्वराष्ट्रपतिको पार्टी प्रवेशको उद्देश्य आगामी नेतृत्वको चाहनालाई नै लिएर भएको हो भन्ने अनुमान गरिएको छ । एकाथरी पूर्वराष्ट्रपतिको नेतृत्व पछि वाम एकता हुने कुरामा पनि विश्वत रहेको देखिन्छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई एकपटक राष्ट्रप्रमुखको रुपमा सबैले स्वीकार गरेको कारण कम्युनिस्ट एकतामा विश्वास गर्ने जो-कोहीले पार्टीको भन्दा वाम आन्दोलनको जगलाई बलियो बनाउनको लागि आवश्यक त्याग गर्न तत्पर हुनेछन् भन्ने कुरामा पनि विश्वास गर्नेहरु धेरै छन् । साथै नेपालको राजनीतिक इतिहासमा कुनै पनि महिला आजसम्म प्रधानमन्त्री नभएको र अझै धेरै समय त्यो सम्भावना नभएको भए पनि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रीय राजनीतिमा आएमा छिट्टै मुलुकले प्रधानमन्त्रीको रुपमा एउटा महिलालाई पाउँछ भनी विश्वास गर्नेहरु पनि धेरै छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

सरोकारवाला भन्छन्: समयमै सूचना पाईदैन, पाएका सूचना पनि अपूर्ण हुन्छन्

# कानुनले बन्देज गरेको सूचना सम्प्रेषण नगरौं: प्रजिअ श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/राष्ट्रिय सूचना दिवस २०८२ को अवसरमा हेटौंडामा मंगलबार सूचनाको हक, अवसर र चुनौती विषयक अन्तर्क्रिया भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजनामा भएको कार्यक्रमका सहभागीले सूचनाको हक कार्यान्वयनमा अझै धेरै चुनौती रहेको गुनासो गर्दै निकायले मागिएका सूचना समयमा नदिने, ढिलाइ गर्ने वा अपूर्ण जानकारी दिने प्रवृत्ति बढेको बताएका थिए ।



नागरिकले सहजरुपमा सूचना पाउन नसक्दा पारदर्शिता र जवाफदेहितामा बाधा पुगेको भन्दै उनीहरुले स्थानीय तहदेखि केन्द्रसम्म सूचनाप्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन सुझाव दिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले सूचना सम्प्रेषण जति प्रभावकारी हुनसक्यो, त्यति नै लोकतन्त्र पनि संस्थागत हुने बताइन् । नागरिकलाई समयमा र स्पष्ट सूचना दिनुपर्नेमा उनले जोड दिइन् ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले कानुनले बन्देज गरेको बाहेकका सूचना मागेको बेलामा मात्र नभई अन्य समयमा पनि सम्प्रेषण गर्नुपर्ने बताइन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले गलत र भ्रामक सूचना सम्प्रेशण नगर्न आग्रह गरिन् । सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद कँडेलले सूचनाको हक र अधिकारसम्बन्धी प्रस्तुती दिएका थिए ।

उनले विश्वमा पहिलो पटक सन् १७६६ मा स्वीडेनबाट सूचनाको हकको सुरुआत भएको र नेपालमा सन् २०५७ सालको संविधानदेखि यसलाई मौलिकहकको रुपमा व्यवस्था गरिएको जानकारी गराए । सहायक प्रमुख जिल्ला अधिकारी कँडेलका अनुसार नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, सुव्यवस्था, अपराध अनुसन्धान, अन्तर्राष्ट्रिय सम्बन्ध लगायत संवेदनशील विषय सार्वजनिक गर्न नमिल्ने सूचना श्रेणीमा रहेका छन् । त्यस्तै, सूचनाको हक र गोपनीयताको हकबीच सन्तुलन कायम गर्नु, कार्यालय संस्कृतिमा पारदर्शिता ल्याउनु, नियमित सूचना प्रवाह, खोजमूलक पत्रकारिता र सचेत नागरिकमार्फत सूचना हकलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको उनले बताए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यलय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्का, प्रहरी नायवउपरीक्षक श्यामु अर्याल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, सूचनासँग सम्बद्ध निकायका सरकारी कर्मचारी लगायतको उपस्थित रहेको थियो ।

# विश्व स्वास्थ्य संगठनले भन्यो: नेपालबाट रुबेला पूर्णउन्मूलन




साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले नेपाल रुबेला रोगको जोखिमबाट पूर्णमुक्त भएको घोषणा गरेको छ ।

खोपमार्फत रोकथाम गर्न सकिने रुबेला उन्मुलनका लागि नेपालले निरन्तर प्रयास गरेको भन्दै डब्लुएचओले यसलाई उल्लेखनीय उपलब्धी भनेको छ । सन् २०२५ जुलाई २२ देखि २४ सम्म बसेको डब्लुएचओको दक्षिण-पूर्वी एशिया क्षेत्रीय प्रमाणीकरण आयोग (एसईए-आरभीसी) को वार्षिक बैठकले खस्रा-रुबेला निगरानी र खोप वितरणबारे नेपालले पेस गरेको तथ्यांक र जानकारी समीक्षा गरी रुबेला उन्मूलन प्रमाणिकरण गर्न सिफारिस गरेको थियो । नेपाललाई रुबेला उन्मूलन भएको घोषणा गर्न गरिएको सिफारिसलाई डब्लुएचओका दक्षिण-पूर्वी एशियाका कार्यवाहक प्रमुख डा. क्याथरिना बोएमेले अनुमोदन गरेकी हुन् ।

रुबेला (जर्मन खस्रा) अत्यन्तै संक्रामक भाइरल संक्रमण हो । गर्भवती महिलामा यो संक्रमण गम्भीर मानिन्छ । गर्भपतन, जन्मपूर्व नै शिशुको मृत्यु वा आजीवन अपांगता ल्याउने जन्मजात समस्या सिर्जना गर्छ । तर, रुबेला सुरक्षित र सस्तो खोपबाटै पूर्णरोकथाम गर्न सकिने रोग हो । दक्षिण-पूर्वी एशियाका कार्यवाहक प्रमुख डा. बोएमेले रुबेला नियन्त्रणका लागि नेपालले गरेको प्रयासको प्रशंसा गरेकी छन् । 'नेपालको सफलताले यहाँको नेतृत्वको अडिग प्रतिबद्धता, स्वास्थ्यकर्मी र स्वयंसेवकको अथक प्रयास, र सचेत समुदायको दृढ समर्थनलाई प्रतिविम्बित गर्छ, जसले शिशुलाई स्वस्थ्य सुरुवात र रुबेला रोगमुक्त भविष्य सुनिश्चित गर्छ,' बोएमेले भनिन् ।

दक्षिण-पूर्वी एशियामा नेपाल रुबेला उन्मूलन गर्ने छैटौं देश बनेको छ । सन् २०२६ भित्र खस्रा र रुबेला उन्मूलन गर्ने लक्ष्यसहित दक्षिण पूर्वी-एशियामा भुटान, श्रीलंका, माल्दिभ्स, उत्तरकोरिया र तिमोर लेस्तेले खस्रा उन्मूलन गरेका छन् । डब्लुएचओसँगको कुराकानीमा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले यसलाई ऐतिहासिक उपलब्धी भनेका छन् । 'यसले हाम्रो राष्ट्रिय खोप कार्यक्रमको सफलता र स्वास्थ्यप्रणालीको मजबुत आधारलाई देखाउँछ ।'

डब्लुएचओको निरन्तर सहयोगप्रति गहिरो सम्मान र आभार व्यक्त गर्दै मन्त्री पौडेलले भने 'यो उपलब्धिमा योगदान पुऱ्याउने सम्पूर्ण नेतृत्व, स्वास्थ्यकर्मी, स्वयम्सेवक र समुदायलाई धन्यवाद दिन चाहन्छु । अब कुनै पनि बालबालिकाले खोपले रोकथाम गर्न सकिने रोगको पीडा भोग्नु नपरोस् भनी सबै सरोकार वालालाई निरन्तर सहयोग गर्न आग्रह गर्दछु ।' नेपालले सन् २०१२ देखि ९ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरी रुबेलाविरुको राष्ट्रिय खोप अभियान सुरु गरेको थियो । सन् २०१६ मा दोस्रो मात्रा नियमित खोप तालिकामा थपिएको हो ।

सन् २०१२, २०१६, २०२० र २०२४ मा सञ्चालन भएका चारवटा राष्ट्रिय खोप अभियानले कोभिड-१९ महामारी र २०१५ तथा २०२३ का भूकम्पजस्ता ठूलो चुनौतीबीच पनि खोप पहुँच बढाउन सहयोग गरेको डब्लुएचओको ठहर छ । सन् २०२४ सम्ममा नेपालले रुबेला खोपको कम्तिमा एउटा मात्रा ९५ प्रतिशतभन्दा बढी बालबालिकामा पुऱ्याउन सकेको उल्लेख गरिएको छ ।

# मुख्यमन्त्रीको स्वागतसँगै तीजविशेष कार्यक्रम गर्दैं मनहरी गाउँपालिका




साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/मकवानपुरको मनहरी गाउँपालिकाले बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्र बहादुर बानियाँको स्वागतसँगै तीजविशेष सांस्कृतिक कार्यक्रम आयोजना गर्ने भएको छ ।

आज बुधबार गाउँपालिकाको लामिटार सभाहलमा सांस्कृतिक कार्यक्रमकासाथ मुख्यमन्त्री बानियाँको स्वागत र तीजविशेष कार्यक्रमको आयोजना गर्न लागिएको जनाइएको छ । मनहरी गाउँपालिकासमेत समेटिएको मकवानपुर क्षेत्र नम्बर २ (ख) बाट प्रदेशसभा सदस्य निर्वाचित बानियाँ प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएसँगै गाउँबासीमा उत्साह छाएको भन्दै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले पालिकाले मुख्यमन्त्रीको बधाई तथा स्वागत कार्यक्रम राखिएको जानकारी दिए । मुख्यमन्त्री नियुक्त भएपछि आफू निर्वाचित क्षेत्रमा बानियाँ औपचारिक स्वागत कार्यक्रममा सहभागी हुँदैछन् ।

महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा गाउँपालिकाले हरेक वर्ष विशेष कार्यक्रमको आयोजना गर्दै आइएकोमा यसवर्ष पनि विविध सांस्कृतिक कार्यक्रमका साथ शुभकामना आदानप्रदान गर्न लागिएको अध्यक्ष कालाखेतीले जानकारी दिए । कार्यक्रममा गाउँपालिका क्षेत्रका विभिन्न संघसंस्था, सहकारी, टोल विकास समिति, जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि, राजनीतिक दलका महिला समितिका प्रतिनिधिलगायतलाई गाउँपालिकाले तीजविशेष कार्यक्रममा सहभागी हुन आह्वान गरेको छ ।

तीजविशेष कार्यक्रममा मनहरीको आस्था कला केन्द्रका कलाकारले विभिन्न तीजगीतमा मौलिक नृत्य प्रस्तुत गर्नुका साथै अन्य सांस्कृतिक कार्यक्रम गरिने जनाइएको छ ।

कार्यक्रममा बागमती प्रदेशका मन्त्रीहरु, जिल्ला समन्वय समितिका पदाधिकारी, प्रमुख जिल्ला अधिकारीलगायतको सहभागिता रहने गाउँपालिकाले बताएको छ ।

# किरात देवास राईमा बद्रीबहादुर चयन




साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/किरात देवास राई उत्थान समाज मकवानपुरको अध्यक्षमा बद्रीबहादुर राई चयन भएका छन् ।

समाजको छैठौं जिल्ला अधिवेशनबाट राईको अध्यक्षतामा १६ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन गरिएको हो । समितिको उपाध्यक्ष लव राई, अजय राई, भीम राई, सचिव रामहरि राई, सहसचिव राजकुमार राई, कोषाध्यक्ष हेमकर्ण राई, सदस्यमा अन्जु राई, निर्मला राई, सावित्री राई, इन्द्रबहादुर राई, जयराम राई, शिवबहादुर राई, हरेराम राई, ईन्द्रकुमार राई, शिव बहादुर राई (चौघडा) र कृष्णबहादुर राई रहेका छन् । नवनियुक्त पदाधिकारीले किरात देवास राई समुदायको उत्थान, भाषासंस्कृति संरक्षण र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

अधिवेशनको बन्दसत्रमा जिल्ला अध्यक्ष बद्रीबहादुर राईले प्रगति विवरण र कोषाध्यक्ष होमबहादुर राईले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । अधिवेशनको उद्घाटन समारोहमा समाजका केन्द्रीय अध्यक्ष आसमान राई, वडाअध्यक्ष विष्णुबहादुर दाहाल, आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जंगबहादुर गुरुङ, केन्द्रीय उपाध्यक्ष राजमान राई, देवास राई भाषा शिक्षक विष्णुबहादुर राई, पूर्वकेन्द्रीय उपाध्यक्ष तथा देवास आवाज सम्पादक सूर्यबहादुर राई, किराँत राई यायोक्खाका जिल्ला अध्यक्ष कृष्णबहादुर राईलगायतले मन्तव्य राखेका थिए ।

# चित्रेपानी सामुदायिक वनमा श्रम तथा सफाइमा जुट्दै वाइसियल

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/नेकपा (माओवादी केन्द्र) को सहायक संगठनको रुपमा रहेको वाइसियल नेपाल मकवानपुर जिल्ला कार्यसमितिले हेटौंडा ७, ८ र १५ मा रहेको चित्रेपानी सामुदायिक वन समितिमा बृहत सरसफाई कार्यक्रममा श्रममा जुटेको छ । साउन १ गतेदेखि सुरु भएको दुई महिनासम्म चल्ने वाइसियलको कार्यक्रममा मकवानपुरमा मुक्ति लामाको नेतृत्व निरन्तर अभियानमा लागिरेको छ । वाइसियल नेपाल केन्द्रको केन्द्रीय कार्यक्रम 'श्रम तथा उत्पादनमा वाइसिएल' अभियान अन्तर्गत वाइसिएल मकवानपुर, चित्रेपानी सामुदायिक वनमा सरसफाई कार्यक्रममा सम्पन्न गरेको हो ।

बिजय गौतम नेकपा (माओवादी केन्द्र) केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज, प्रल्हाद लामिछाने, नेकपा (माओवादी केन्द्र) केन्द्रीय सदस्य एवम् हेटौंडा उपमहानगर पालिका समिति इन्चार्ज, बिबेक राई, नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश सदस्य बद्रीबहादुर स्याङ्तान, नेकपा (माओवादी केन्द्र) भीमफेदी गाउँपालिका समिति अध्यक्ष, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य ध्रुवराज ढकाल, प्रेस सेन्टरका राज सापकोटा, चित्रेपानी सामुदायिक वन समितिको अध्यक्ष बालकुमारी थापा लगायत स्थानीय र वाइसियल नेपाल मकवानपुरको कार्यसमितिको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।

# थाहामा क्षयरोग कार्यक्रमको पालिकास्तरीय समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/थाहा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा क्षयरोग कार्यक्रमको पालिकास्तरीय वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ ।

थाहा नगरपालिका प्रमुख बिष्णु बिष्ट र प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानसहित नगरपालिकाभित्र रहेका सबै स्वास्थ्यकेन्द्रका प्रमुखको उपस्थितिमा समिक्षा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा थाहा नगर पालिकाभित्र रहेका क्षयरोगका बिरामीको अवस्था र उपचारको बारेमा जानकारी दिइएको थियो । नगर पालिकामा आर्थिक वर्ष २०८१/८२ मा ६५ जनाको उपचार पूरा भएको र ८८ जनाको खकार परीक्षण गरिएको जानकारी गराउँदै खकार पोजेटिभ भएको बिरामीको ६३ प्रतिशतको उपचार सफल रहेकोमा ७७ दशमलब ५४ प्रतिशत रोग पत्ता लागेको समीक्षामा जानकारी दिइयो ।

आर्थिक बर्ष २०८१/८२ मा १४ जना महिला र १६ जना पुरुषमा रोग पत्ता लागेकोमा १ जनाको मृत्यु भएको थाहा नगरपालिका स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले जानकारी दिए । राष्ट्रिय क्षयरोग कार्यक्रमलाई बिरामी केन्द्रित, व्यवस्थित, उपचारमुखी र उपलब्धीमूलक बनाउने र कार्यक्रम संचालनमा देखिएका समस्यालाई सम्बोधन गर्दै उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीलाई क्षयरोग उपचार व्यवस्थापनबारे ज्ञान् सीप अध्यावधिक गर्ने र राष्ट्रिय क्षयरोग कार्यक्रमको सूचकको प्रगति विश्लेषण तथा समस्या पहिचान गरी समाधानका उपाय विश्लेषण गर्न कार्यक्रमले मद्दत गर्ने स्वास्थ्य शाखाप्रमुख बलामीले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

शिक्षक आवश्यकता

प्रकाशित मिति: २०८२/०५/०४
शिक्षक सेवा आयोग २०८१ को करार शिक्षक सूचीमा सुचिकृत उम्मेदवारहरुको लागि मात्र

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिका मकवानपुरको मिति २०८२/०५/०३ च.नं. ५७ को प्राप्त पदपूर्ति अनुमति पत्र तथा विद्यालय व्यवस्थापन समितिको २०८२/०५/०३को निर्णयअनुसार यस विद्यालयमा रिक्त प्राथमिक तहमा तपसिल बमोजिमको प्राथमिक तह तृतीय श्रेणी करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले शिक्षक सेवा आयोग २०८१ को करार शिक्षक सूचीमा सूचिकृत उम्मेदवारहरु ले ७ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

तपशिल
विज्ञापन नं : ०३/२०८२
पद : प्रा वि . तृतीय श्रेणी
संख्या : १ (एक)
नियुक्ति किसिम: अस्थायी/करार
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
तलब : नेपाल सरकारले तोकेबमोजिम
आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण
आवश्यक कागजात :
१) निवेदन (हस्तलिखित)
२) नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति-२
३) प्रा.वि.तहको स्थायी अध्यापन अनुमतिपत्रको छायाँप्रति-२
४) शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति-२
५) बायोडाटा एक प्रति/अनुभव केहीभए सो समेतको छायाँप्रति-२
परीक्षा दस्तुर : रु. १५००। (एक हजार पाँच सय रुपैंया मात्र)
दरखास्त दिने अन्तिम मिति: २०८२/०५/१० गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०८२/०५/११ गते
(नोट :शिक्षक सेवा आयोग २०८१ को करार शिक्षक सूचीमा सूचिकृत उम्मेदवारहरुको योग्यता क्रमको आधारमा पदपूर्ति गरिनेछ ।)

श्री राजदेवी माध्यमिक विद्यालय
हे.उ.म.न.पा.-१७, मकवानपुर
सम्पर्क नं.:९८४५५६८००० (प्र.अ), ९८४५१२२५२५(अध्यक्ष वि.व्य.स.)

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management
"कडा अनुशासन, स्तरीय शिक्षा"

# Meet Our ACHIEVERS

We are thrilled to celebrate the outstanding achievements of our students who have excelled in their Grade 12 exams 2082!

| | |
|---|---|
| 3.61 - 4 | 136 |
| 3.21 - 3.6 | 320 |
| 2.81 - 3.2 | 297 |
| 2.41 - 2.8 | 85 |
| 2.01 - 2.4 | 6 |

## FACULTY OF SCIENCE

| Name | GPA |
|---|---|
| RIVISON HUMAGAIN | 3.91 |
| SHIVAM PATEL | 3.91 |
| SPARSHA BARTAULA | 3.91 |
| ANSHU SHIWAKOTI | 3.90 |
| HIMALI JAYSWAL | 3.90 |
| SAMIR GHIMIRE | 3.90 |
| AAKRISH MISHRA | 3.87 |
| SATKAR SYANGTAN | 3.87 |
| SHRESH KHANAL | 3.87 |
| NIYATI KHATIWADA | 3.86 |
| ABHAY K. SAH | 3.85 |
| BRISHKAMAL KARKI | 3.85 |
| SHREESHANT K KUSHWAHA | 3.85 |
| SUBHA RAJ KOIRALA | 3.85 |
| SUBICHYA BANIYA | 3.85 |
| MANIRAJ BARAL | 3.84 |
| PRANISH PRAJA | 3.84 |
| SUDIN DHAKAL | 3.83 |
| PRANJAL UPADHYAY | 3.82 |
| SAKSHYAM ADHIKARI | 3.82 |
| RAJAL SHAHI THAKURI | 3.81 |
| RITU KANDEL | 3.81 |
| RUPESH PAUDEL | 3.81 |
| SAMIP LAMICHHANE | 3.81 |
| SANDESH TIWARI | 3.80 |
| SANJAY BHANDARI | 3.80 |
| ADHYAAN GAUTAM | 3.77 |
| BHUSHAN DAHAL | 3.77 |
| BIJAY MUKTAN | 3.77 |
| ROSAN LAMICHHANE | 3.76 |
| SHREYAS BHATTARAI | 3.76 |
| AARYAN KARKI | 3.75 |
| ROSHAN CHAUDHARY | 3.75 |
| SADIKSHA YADAV | 3.75 |
| DIPESH CHAULAGAIN | 3.74 |
| SHREYA RAMUDAMU | 3.74 |
| MANISHA K KHADKA | 3.73 |
| SALINA PANTA | 3.73 |
| ANAND K SHAH | 3.72 |
| SAUGAT GAUTAM | 3.72 |
| ANUSANDHAN CHAPAGAIN | 3.71 |
| MANISH K. MANDAL | 3.71 |
| SAMEER DEVKOTA | 3.71 |
| AADARSH DHODARI | 3.70 |
| ABHIYAN PAUDEL | 3.70 |
| BHOLA K. SAH KALWAR | 3.70 |
| DAWA TAMANG | 3.70 |
| RAJISHA RAYAMAJHI | 3.70 |
| ROJAN DAHAL | 3.70 |
| SAURAJ DEVKOTA | 3.70 |
| AAYUSHA DAHAL | 3.67 |
| SANDESH LAMA | 3.67 |
| SARA TIMALSINA KC | 3.67 |
| DIPENDRA CHAULAGAIN | 3.66 |
| RAJKISHOR KUSHWAHA | 3.66 |
| SAHE ALAM | 3.66 |
| SAMRAT GAUTAM | 3.66 |
| SHREEYA PRAJAPATI | 3.66 |
| SIDDHANT DAHAL | 3.66 |
| PRABAL THAPA | 3.65 |
| PARIKSHIT RAYAMAJHI | 3.64 |
| PRAKRITI LAKHE | 3.64 |
| RIYA LAMA | 3.64 |
| SAMIR DANGAL | 3.64 |
| RAUL KUMAR SAH | 3.63 |
| NIRAJAN P. PASWAN | 3.62 |
| UNISH DULAL | 3.62 |
| AKOP BIDARI | 3.61 |
| ARNIM SHRESTHA | 3.61 |
| DHIRAJ K. SAH | 3.61 |
| KSHITIZ TIMALSINA | 3.61 |
| SAMANA BAL | 3.61 |
| SANDESH TIMALSINA | 3.61 |
| MANIK THING | 3.60 |

## FACULTY OF MANAGEMENT

| Name | GPA |
|---|---|
| KARUNA YADAV | 3.95 |
| MADIRAM ACHARYA | 3.95 |
| ARYAN THAKUR | 3.94 |
| SHABIHUL QADRI | 3.91 |
| SUMIT P. KUSHWAHA | 3.91 |
| KUSHAL PATEL | 3.85 |
| SAFAL ADHIKARI | 3.84 |
| SALISHA MAINALI | 3.84 |
| MAMTA YADAV | 3.78 |
| RAUNAK YADAV | 3.78 |
| JANVI NEUPANE | 3.77 |
| PRATIGYA BHATTARAI | 3.77 |
| KRISHNA K. YADAV | 3.76 |
| TIMILA MAHARJAN | 3.76 |
| MANJIT KUMAR SAH | 3.75 |
| SWORUP SAPKOTA | 3.75 |
| SAHID ANSARI | 3.73 |
| SAMIR DHUNGANA | 3.73 |
| SNEHA K. CHAUDHARY | 3.72 |
| SUMAN KUMAR SAHANI | 3.71 |
| BISHESH OJHA | 3.70 |
| DEEPAK K. SINGH | 3.70 |
| DIVYAN RANA | 3.70 |
| GAURAB BIDARI | 3.70 |
| RAJAN YADAV | 3.70 |
| RITIK SAH | 3.70 |
| ANISH NEUPANE | 3.68 |
| ANUJA GHALAN | 3.68 |
| JENY KC | 3.68 |
| SAMATA SIGDEL | 3.68 |
| SHRIYA KHAREL | 3.68 |
| SUBARNA DAHAL | 3.68 |
| SUPRIYA THING | 3.68 |
| MANYATA SAPKOTA | 3.67 |
| SARIKA PAUDEL | 3.67 |
| PRAPTI ADHIKARI | 3.66 |
| ROHIT THAPA | 3.66 |
| SWADHIN BARTAULA | 3.66 |
| KASHMIRA KHATUN | 3.65 |
| KRISHA PARAJULI | 3.65 |
| SANDHYA KUMARI | 3.65 |
| SANSKRITI POKHREL | 3.65 |
| SHREYASH KHATIWADA | 3.65 |
| ABHINAV THAPA | 3.64 |
| ARJUN P. CHAUDHARY | 3.64 |
| IRAJ THAPA | 3.64 |
| RAMAN CHAULAGAIN | 3.64 |
| SABHUMI ADHIKARI | 3.63 |
| AADESH BISTA | 3.62 |
| ABHILASHA DAHAL | 3.62 |
| DIPIKA BASTOLA | 3.62 |
| HIMAL BANIYA | 3.62 |
| RITIK K. MAHATO | 3.62 |
| SABHYATA CHHETRI | 3.62 |
| SACHITA GAUTAM | 3.62 |
| SHISIR KHARAL | 3.62 |
| SHRISTI BISHWAKARMA | 3.62 |
| SUDESHNA MANANDHAR | 3.62 |
| SWIKRIT GHIMIRE | 3.62 |
| KARUNA BARTAULA | 3.61 |
| KOSHIKA BHATTA | 3.61 |
| MUNA RAY YADAV | 3.61 |
| SHIVAM MISHRA | 3.61 |
| DRISTI REGMI | 3.60 |
| SREESTI BIDARI | 3.60 |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना